# खोरथली सामुदायीक वन उपभोक्ता समूह

## भी. न. पा. ३, ६ चरिकोट दोलखा

### काठ दाउरा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

**प्रथम पटक सुचना प्रकाशित मिति : २०८२/०३/१०**

खोरथली सामुदायीक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रबाट कटान मुछान भई च्यानडाँडा र खेलमैदान भन्ने स्थानमा घाटगद्दी गरि राखिएको विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्री गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सुचना मिति : २०८२/०३/१० मा आर्थिक अभियान राष्ट्रिय पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१. वन पैदावरको विवरण

| क्र. सं. | वन पैदावरको | | | | मुल्याङ्कन रकम ने.रु. | | कुल रकम रु | घाटगधि स्थान |
|---|---|---|---|---|---|---|---|---|
| | जात | किसिम | थान | परिमाण (क्यू.फि.) | काठको न्यूनतम मुल्य | कटान, मुछान, घाटगधि र व्यवस्थापन खर्च | | |
| लट १ | गोब्रे सल्ला | गोलिया | ३३७६ | १०८७८.८४ | १०८७८८४ | १६३१८२६ | २७१९७१० | च्यानडाँडा |
| लट २ | पाटे सल्ला | गोलिया | १९२८ | ७५५७.७९ | ७५५७७९ | ११३३६६९ | १८८९४४८ | खेलमैदान |
| | जम्मा | | ५३०४ | १८४३३.६३ | १८४३६६३ | २७६५४९५ | ४६०९१५८ | |

२.बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

(क) अन्तिम मिति : २०८२/०३/३१ गते (ख) समय : अपरान्ह ५.०० बजे सम्म

३. बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यसखोरथली सामुदायीक वन उपभोक्ता समूहको नाममा नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको चल्ती खाता नं. १३०००१००६३९३८००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र फारम प्रति लट रु १,०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायीक वन उपभोक्ता समूह डिभिजन वन कार्यालय दोलखाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावर कार्यालय खुलेको समय भित्र खोरथली सामुदायीक वन उपभोक्ता समूहको च्यानडाँडा र खेलमैदान भन्ने घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपाइटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, उद्योग वा व्यवसाय दर्ता नविकरण अध्यावधिक भएको प्रमाण पत्रको प्रतिलिपि, प्रचलित वन नियमावली बमोजिम काठ दाउरामा आधारित उद्योग सूचिकृत प्रमाणपत्रको प्रतिलिपि, मुल्य अभिबृद्दि कर दर्ता प्रमाण पत्रवा स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, आर्थिक वर्ष २०८०/०८१ सम्मको कर चुक्ता पत्रको प्रतिलिपिका कागजातहरु बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपुर्वक पर्न आएकाबोलपत्रहरु मिति २०८२/०३/३२ गते विहान ११ बजे साँक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भए लिलाम सकार गरेको रकम र सो मा नियमानुसार लाग्ने मुल्यअभिवृद्धिकर, प्रदेश शुल्क र अन्य नियमानुसार लाग्ने करहरु छुटाछुट्टै दाखिला गरेको बैंक भौचर उपलब्ध गराई लिलाममा सकार गरेको वन पैदावर तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्र सकार गरिएको रकम अंक र अक्षरमा दुवै लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायीक वन उपभोक्ता समितिमा निहित रहनेछ ।

सम्पर्कको लागि ९८४४५५४०६०, ९८५४०४५४०५